# काठमाडौं महानगरपालिका

# मेयर रिसर्च फेलोसिप कार्यक्रम कार्यविधि, २०७६

कार्यपालिकाबाट स्वीकृत मिति : **–२०७६/०९/१७**

## काठमाडौं महानगरपालिका

## सुन्धारा, काठमाडौं

# काठमाडौं महानगरपालिका मेयर रिसर्च फेलोसिप कार्यक्रम कार्यविधि, २०७६

**प्रस्तावनाः**

महानगरपालिकाले तथ्यमा आधारित नीति तथा कार्यक्रम बनाउने उद्देश्यले क्षमतावान तथा उत्साही नेपाली विज्ञ तथा अन्वेषकहरुबाट काठमाडौं महानगरपालिकाको कामसँग सम्बन्धित बिभिन्न बिषयहरुको ज्ञान, अनुभव तथा विशेषज्ञता प्राप्त गर्न मेयर रिसर्च फेलोसिप कार्यक्रम संचालन गर्ने प्रयोजनका लागि कार्यबिधी तर्जुमा गर्न बान्छनीय भएकाले "काठमाडौं महानगरपालिका प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५"को दफा ४ बमोजिम काठमाडौं महानगरपालिका नगरकार्यपालिकाले स्वीकृत गरी यो कार्यविधि जारी गरिएको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम **काठमाडौं महानगरपालिका मेयर रिसर्च फेलोसिप कार्यक्रम कार्यविधि, २०७६"** रहेको छ । जसलाई अंग्रेजीमा "Kathmandu Metropolitan City Mayor's Research Fellowship Program Procedures, 2076 " भनिनेछ ।

(ख) यो कार्यविधि काठमाडौं महानगरपालिका नगर कार्यपालिकाबाट पारित भए पश्चात् तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः**

(क) "आयोग" भन्नाले "काठमाडौं महानगरपालिका सहरी योजना आयोग" सम्झनु पर्दछ ।

(ख)" ऐन " भन्नाले "काठमाडौं महानगरपालिकाको शहरी योजना आयोग (गठन तथा संचालन कार्यबिधी ऐन, २०७५" सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले **"काठमाडौं महानगरपालिका मेयर रिसर्च फेलोसिप कार्यक्रम कार्यविधि, २०७६"** सम्झनु पर्दछ ।

(घ) कार्यक्रम भन्नाले "काठमाडौं महानगरपालिका मेयर रिसर्च फेलोसिप कार्यक्रम" सम्झनु पर्दछ ।

( ङ ) "प्रमुख" भन्नाले "काठमाडौं महानगरपालिकाको प्रमुख" सम्झनु पर्दछ ।

(च) "समिति" भन्नाले " शहरी योजना आयोगको व्यबस्थापन तथा संचालन समिति " सम्झनु पर्दछ ।

## परिच्छेद २
## अध्ययनका बिषयसम्बन्धी व्यबस्था

**३. अध्ययनका बिषय :** (१) अध्ययनको बिषय महानगरपालिकासंग प्रत्यक्ष रुपमा प्रासंगिक हुनुपर्नेछ ।

(२) अध्ययनको परिणाम नीतिगत निर्णय, गठन तथा कार्यान्वयनमा उपयोग गर्न सकिने हुनुपर्नेछ ।

(३) अध्ययनको परिणाम कार्यान्मुख दृष्टिकोणद्वारा हुनुपर्नेछ ।

(४) समितिले उपयुक्त ठानेका अन्य बिषयहरु ।

**४. कार्यक्रममा प्राथमिकताका बिषयः** (१) देहायका बिषयलाई कार्यक्रममा प्राथमिकता प्रदान गरिनेछः

(क) शहरी सुशासन, कानुनी शासन, जनसहभागिता, न्यायपूर्ण समाज निर्माणको लागि नबिनतम खोज, अन्वेषण ,

(ख) इतिहास, कला, संस्कृति, परम्परा र अभ्यासहरुको संरक्षण ; शहरी सांस्कृतिक नीतिको विकास,

(ग) भाषा तथा साहित्य :विद्यालय शिक्षामा मातृभाषाको प्रभावकारी प्रयोग ; स्थानीय भाषा तथा साहित्यको हालको अवस्था,

(घ) शहरी योजना, शहरी चित्रण, भवन निर्माण शैली, यातायात, पूर्वाधार विकास, कानुन कार्यान्वयनको अबस्था,

(ङ) जनसांख्यिकीय, सामाजिक वा मानवसास्त्र अध्ययन ,

(च) शिक्षा, सामाजिक विकास ,लैङ्गिक तथा सामाजिक समावेशीकरण , अपाङ्गता भएका व्यक्ति,

(छ) स्थानीय आर्थिक विकास, शहरी वित्त, उद्यमशीलता, मानव पूँजीको व्यबस्थापन,

(ज) शहरी सवाल, गरीबी, अनियन्त्रित अनधिकृत वस्तीहरु, सडकमानव ,

(झ) प्राकृतिक प्रकोप तथा जलवायु परिवर्तनका निमित्त तयारी ; भूकम्प पछिको पुनः निर्माणबाट सिकिएका पाठहरु ;जलवायु परिवर्तनबाट हुने प्रतिकुल असरहरु घटाउने तथा अनुकूलन ; वातावरण मैत्रि तथा व्यवसायिक पूर्वाधारहरु ; भवन निर्माण सम्बन्धि नियमावलीको समीक्षा गर्ने ,

(ञ) स्वास्थ, गुणात्मक जिवन र खुशीको मापन ; नागरिकहरुको शारिरीक तथा मानसिक अवस्था,

(ट) वातावरण, दिगो विकास ,प्रदुषण व्यबस्थापन ,जल पुनर्भरण ,

(ठ) फोहरमैला व्यबस्थापन,

(ड) शहरी विकासका लागि युवाको सम्भाव्यता ; सामाजिक सक्रियताको प्रभाव ,

(ढ) स्मार्ट शहरको विकास ; IoT तथा 5G प्रविधिको विकास र प्रर्वद्धन ; सरकारी सेवाहरु अनलाइन मार्फत हुने सुविधा ; डिजिटल विभाजन ।

(ण) काठमाडौं महानगरपालिकाको नीति, योजना, बिकास तथा शहरी व्यबस्थापनसंग सम्बन्धित समितिको निर्णय बमोजिमका यस्तै प्रकृतिका अन्य बिषयहरु ।

## परिच्छेद ३
## व्यबस्थापन तथा संचालन समिति सम्बन्धी व्यबस्था

**६. व्यबस्थापन तथा संचालन समितिः** (१) कार्यक्रमको मूल्यांकन तथा समिक्षा लगायतका कार्य गर्न देहाय बमोजिमको व्यबस्थापन तथा संचालन समिति रहनेछ ।

| | |
|---|---|
| (क) उपाध्यक्ष, आयोग | अध्यक्ष |
| (ख) आयोगको सदस्यमध्ये अध्यक्षले तोकेका दुई जना | सदस्य |
| (ग) प्रमुख, आयोग सचिवालय | सदस्य सचिव |

(२) समितिले आवश्यकतानुसार बैठकमा बिषय बिज्ञलाई आमन्त्रण गर्न सक्नेछ ।

(३) बहुमत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुरा भएको मानिनेछ ।

(४) बैठकमा बहुमतले गरेको निर्णय मान्य हुनेछ ।

(५) समितिको बैठक सम्बन्धी कार्यबिधी आँफै निर्धारण गर्न सक्नेछ ।

(६) बैठकमा उपस्थित भएबापत बिषय बिज्ञलाई प्रति बैठक भत्ता बापत रु २०००। (दुई हजार ) तथा पारवहन भत्ता बापत रु १०००। (एक हजार ) प्रदान गरिनेछ ।

## परिच्छेद ४
## अनुसन्धानकर्ता योग्यताका सम्बन्धी व्यबस्था

**७. योग्यता सम्बन्धी व्यबस्था :(१)** देहायको योग्यता पुगेको नेपाली नागरिकले कार्यक्रममा अनुसन्धानकर्ताको रुपमा आयोगमा आवेदन दिन सक्नेछः

(क) आवेदकले मान्यताप्राप्त बिश्वबिद्यालयबाट न्यूनतम स्नातकोत्तर तह उत्तिर्ण गरी सम्बन्धित विषयमा न्युनतम २ वर्ष सम्मको अनुभव वा अध्ययन अनुसन्धान गरेको हुनुपर्दछ ।

(ख) आवेदक अङग्रेजी वा नेपाली भाषामा ज्ञान भएको हुनुपर्दछ । अध्ययनको निष्कर्षहरु ( प्रस्तुति, प्रतिवेदन, लेखहरु) सबै अङग्रेजी वा नेपाली भाषामा तयार गर्नुपर्नेछ ।

(ग) जुनसुकै उमेरका व्यक्तिहरुले आवेदन दिन सक्नेछन् ।

(घ) आवेदकको राम्रो संवाद सीप हुनुपर्ने र आवश्यक कम्प्युटर प्रोग्रामहरुमा राम्रो ज्ञान भएको हुनु पर्नेछ ।

(२) योग्य महिला उम्मेदवार तथा सीमान्तकृत समूहका आवेदकलाई प्राथमिकता दिइनेछ ।

## परिच्छेद ५
## अनुसन्धानकर्ताको शर्त तथा सुबिधा सम्बन्धी व्यबस्था

**८. शर्त पालना गर्नुपर्ने** :(१) कार्यक्रममा छनौट भएका अनुसन्धानकर्ताले देहायमा उल्लिखित शर्त पालना गर्नुपर्नेछः

(क) अनुसन्धानकर्ताले अध्ययन अनुसन्धानका लागि कार्यस्थलको व्यबस्था आफै गर्नुपर्नेछ अर्थात महानगरपालिकाले उक्त प्रयोजनका निमित्त स्थान उपलब्ध गराउने छैन ।

(ख) आयोगले हरेक अनुसन्धानकर्तालाई एकजना सुपरिबेक्षक तोक्नेछ । अनुसन्धानकर्ताहरुले नियमित रुपमा आफ्ना सुपरिबेक्षकसंग समन्वय गरी कामको अद्यावधिक पेश गर्नुपर्नेछ । सुपरिबेक्षकले अनुसन्धानकर्तालाई अनुसन्धानको डिजाइन/विधि, सूचना संकलन तथा विश्लेषण र प्रतिवेदनको समिक्षाका लागि प्राविधिक सहयोग पुऱ्याउने छन् ।

(ग) अनुसन्धानकर्ताहरुले कार्यक्रम अवधिभरमा समितिलाई कम्तीमा ४ वटा प्रस्तुति गर्नुपर्ने हुन्छ ।

(घ) अनुसन्धानकर्ताले सम्झौतामा हस्ताक्षर भएको मितिले ६ महिना भित्रमा अध्ययन पूरा गर्नुपर्नेछ । सो समयमा अध्ययन सम्पन्न हुन नसकेमा फेलोशिप रकम जफत गर्न सकिनेछ ।

तर बिशेष परिस्थितिमा सम्बन्धित सुपरिबेक्षको सिफारिस आएमा समितिले एक पटक थप लागत नलाग्ने गरी बढीमा दुई महिनाको अध्ययन अबधि थप गर्न सक्नेछ ।

(ङ) अन्य शर्त समितिले तोके बमोजिम ।

(२) शर्त पालना गरे नगरेको सम्बन्धमा समितिवा समितिले ले गरेको अन्तिम निर्णय हुनेछ ।

**९. सुबिधा प्राप्त गर्ने** : (१) अध्ययन विषयका आधारमा एक जना अनुसन्धानकर्ताले अधिकतम रु.१५०,००० (एक लाख पचास हजार ) (कर समेत) फेलोशिप रकम प्राप्त गर्नेछ ।

(२) फेलोशिप रकम समितिको निर्णय बमोजिम देहाय तालिकामा उल्लेख भए अनुसार चार किस्तामा भुक्तानी गरिनेछ ।

| **बिबरण** | | **भुक्तानी गरिने प्रतिशत** |
|---|---|---|
| (क) अध्ययन प्रस्ताव प्रस्तुतीकरण र स्वीकृति पश्चात् | | २०% |
| (ख) मध्यावधि प्रस्तुतीकरण र मध्यावधि प्रतिवेदन पेश गरे पश्चात् | | ३०% |
| (ग) पूर्व अन्तिम प्रस्तुतीकरण र मस्यौदा प्रतिवेदन पेश गरे | | ३०% |

| | | |
|---|---|---|
| पश्चात् | | |
| (घ) आयोगले आयोजित गर्ने कार्यशालामा अन्तिम प्रस्तुतीकरण र अन्तिम प्रतिवेदन पेश गरे पश्चात् | | २०% |

## परिच्छेद ६
## मूल्यांकन तथा समिक्षा सम्बन्धी व्यवस्था

**१०. मूल्यांकन र समिक्षा प्रक्रिया** :(१) समितिले देहायको मूल्यांकन मापदण्डको आधारमा प्रस्तावहरुको समिक्षा गरी सफल आवेदकहरुको छनोटमा अन्तिम निर्णय लिनेछ ।

| **मापदण्ड** | **अंङ्क (%)** |
|---|---|
| **१. अनुसन्धानको डिजाइन र सम्भाब्यता** | **४०** |
| १.१ अनुसन्धान प्रस्तावमा भएको जानकारी यस विषयको पूर्व ज्ञान नभएको व्यक्तिलाई समेत सो विषयको प्रासंगिकता (Relevance) को बारेमा थाहा हुनेगरी पनि निर्णय लिन र सूचित गर्न सक्ने , | १० |
| १.२ अनुसन्धान प्रस्तावले स्पष्ट रुपमा के के चाहेको हो वर्णन गर्नुपर्दछ, कसरी अन्वेषकले उद्देश्यहरु प्राप्त गर्न चाहन्छन् र अनुसन्धानका खोजहरुको अनुमानित प्रभावहरु के हुन् भन्ने स्पष्टता , | १५ |
| १.३ प्रस्तावित अनुसन्धान परिमाणात्मक (Quantitative), गुणात्मक (Qualitative) वा अन्य जुन भएतापनि स्पष्ट रुपमा अन्वेषण पद्वतिको प्रयोग, | १० |
| १.४ प्रस्तावमा स्पष्ट र तार्किक समयरेखा भएको र यस प्रस्तावित अनुसन्धानको समय सीमाभित्रै सम्पन्न हुने सुनिश्चितता, | ५ |
| **२. अपेक्षित परिणामको महत्व** | **३०** |
| २.१ अनुसन्धानका नतिजाले निती निर्माण तथा कार्यान्वयनमा सहयोग गर्ने अबस्था | १५ |
| २.२ प्रस्तावले नयाँ अबधारणाको बिकास गर्न वा स्थापित अबधारणाको पुनः परीक्षण गर्न सकिने अबस्था | १० |

| | |
|---|---|
| २.३ प्रस्ताव प्रासंगिक साहित्य (relevant scholarly literature )द्वारा समर्थित हुने अबस्था | ५ |
| **३. आवेदकको योग्यता** | **१०** |
| ३.१ आवेदकसँग पहिले गरिएको अनुसन्धान र प्रकाशनहरुको राम्रो ज्ञान भएको वा अनुसन्धान शीर्षकसँग प्रासंगिक उपलब्धि भएको । | १० |
| **४. प्रस्तुतीकरण** | **२०** |
| **जम्मा अंक** | **१००** |

(२) समितिले आवश्यकता देखेमा प्रस्तावहरुको मूल्यांकन गर्नका निमित्त विज्ञहरुको सहयोग लिन सक्नेछ ।

(३) मूल्यांकनमा प्राप्त गरेको अंकको आधारमा बढीमा  दश जना आवेदकलाई अनुसन्धानकर्ताको रुपमा कार्यक्रममा सहभागी गराइनेछ ।

(४)  मूल्यांकन र समीक्षा सम्बन्धमा समितिको निर्णय अन्तिम हुनेछ ।

## परिच्छेद ७
## बिबिध

**११. सुपरिबेक्षक सम्बन्धी व्यबस्था :** (१) अनुसन्धानकर्तालाई अनुसन्धानको डिजाइन/विधि, सूचना संकलन तथा विश्लेषण र प्रतिवेदनको समिक्षाका लागि प्राविधिक सहयोग पुऱ्याउने उद्देश्यले समितिले हरेक अनुसन्धानकर्तालाई आयोगभित्र वा वाहिरका विज्ञहरुमध्येबाट एकजना सुपरिबेक्षक तोक्नेछ ।

(२) उपदफा (१) बमोजिमको सुपरिबेक्षकको योग्यता देहाय बमोजिम हुनेछः

(क) सम्बन्धित बिषयमा कम्तीमा स्नातकोत्तर उपाधी हाँसिल गरेको,

(ख) सम्बन्धित क्षेत्रमा कम्तीमा दश बर्षको अनुभव प्राप्त गरी बिशेषज्ञता हाँसिल गरेको,

(ग) समितिले तोकेको अन्य योग्यता पुरा भएको ।

(३) आयोग बाहिरका सुपरिबेक्षकको हकमा कार्यक्रम अबधिभर अर्थात छ महिनाको अबधिका लागि पारिश्रमिक वापत चालिस हजार रुपैंया उपलब्ध गराइनेछ ।

**१२. सहकार्य तथा समन्वय :** समितिले दफा ४मा उल्लिखित बिषयमा अन्य स्थानीय तहसँग समेत सहकार्य तथा समन्वय गरी अध्ययन गर्न गराउन सक्नेछ ।

**१३. अध्ययन प्रतिबेदन आयोगमा प्रेषित गर्नुपर्नेः** (१) समितिलाई प्राप्त हुन आउने अध्ययनको अन्तिम प्रतिबेदन महानगरपालिकाको नीति, योजना तथा कार्यक्रमको निर्माण गर्न सघाउ पुऱ्याउने उद्देश्यले आयोग समक्ष पेश गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएको प्रतिवेदन आयोगले स्वीकृत गरी आफ्नो वार्षिक प्रतिवेदनमा आवद्ध गरी महानगरपालिका समक्ष पेश गर्नुपर्नेछ ।

**१४. अध्ययन प्रस्तावको ढांचा :** (१) अध्ययन प्रस्तावको ढांचा अनुसूची १ मा तोकिए बमोजिम हुनेछ ।

(२) अनुसन्धान प्रस्ताव नेपाली वा अङ्ग्रेजी भाषामा गर्न सकिनेछ । अनुसन्धानको विषय प्रासङ्गिक भएता पनि प्रष्ट भाषा तथा व्याकरणमा कमी कमजोरी देखिएमा प्रस्ताव स्वीकार्य हुने छैन् ।

**१५. अध्ययन प्रस्ताब बुझाउने शर्त र तरिका :** (१) आवेदकले सबै कागजपत्रहरु आँफैले प्रमाणित गरी सिलबन्दीसाथ तोकिएको समयभित्र आयोगको सचिबालयमा दर्ता गर्नुपर्नेछ ।

(२) प्रस्ताबका साथमा देहायका कागजात संलग्न गर्नुपर्नेछः

(क) प्रकाशनहरुको सूचि र सम्पर्क विवरण (ईमेल तथा फोन नम्बर) सहितको व्यक्तिगत बिबरण (Resume),

(ख) तोकिएको ढाँचाको अनुसन्धान प्रस्ताव,

(ग) हालसम्मको सबै शैक्षिक प्रमाणपत्रहरुको प्रतिलिपि,

(घ) नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि,

(३) प्रस्ताव यस भन्दा अगाडि भएका अनुसन्धानसँग मेल नखाने हुनुपर्नेछ ।

**१६. प्रतिलिपि अधिकारः (१)** अनुसन्धानको परिणाम तथा संकलन गरिएको सूचनाहरुको प्रयोग गर्ने तथा सूचना प्रकाशन गर्ने अधिकार महानगरपालिकासँग हुनेछ ।

(२) उपदफा (१) बमोजिम प्रकाशन गर्दा अनुसन्धानकर्ताको नाम समेत उल्लेख गर्नुपर्नेछ ।

**१७. आचार संहिता** (१) सफल उम्मेदवारहरुको कार्यसम्पादन उच्चस्तरको हुनुपर्नेछ ।

(२) अप्रिय वा गैरजिम्मेवारपूर्ण व्यवहार भएको खण्डमा समितिले आवेदकको सोध कार्य खारेज गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम सोध कार्य खारेज भएको अबस्थामा सहभागीले लिएको रकम फिर्ता गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम रकम फिर्ता नगरेमा सरकारी बाँकी सरह असुल उपर गरिनेछ ।

(५) कार्यक्रमको रुपमा महानगरपालिकाबाट प्राप्त सहायता सबै प्रस्तुतीकरणहरु, लेखहरु, कागजातहरु तथा प्रकाशनहरुमा उल्लेख गर्नु पर्नेछ ।

(६) अनुसन्धानको क्रममा प्रतिलिपि अधिकार प्रतिकुल हुने वा अन्य त्यस्तै कार्य गरेमा सो को जिम्मेवार कुनै पनि चरणमा साहित्यिक चोरी गरेमा सो को जिम्मेवार स्वंय गर्न कडा निषेध गरिएको छ । चोरी भएको पाईएमा कार्यक्रम तुरुन्त खारेज गरी निर्धारित रकम जफत गरिनेछ ।

(७) कुनै पनि प्रकारको दुर्व्यवहारमा संलग्न आवेदकलाई कार्यक्रमको भावी संस्करणमा प्रस्ताव पेश गर्न प्रतिबन्धित गरिनेछ ।

(८) आचार संहिता सम्बन्धी अन्य बिषय समितिले निर्धारण गरे बमोजिमको आचार संहिता पालना गर्नुपर्नेछ ।

**१८. बाधा अड्काउः** यस कार्यविधिको प्रयोग वा कार्यान्वयन गर्ने सन्दर्भमा कुनै बाधा परेमा काठमाडौं महानगरपालिका सहरी योजना आयोगले बाधा अड्काउ फुकाउन सक्नेछ ।

# अनुसूची १

## (दफा १४ संग सम्बन्धित)

**अध्ययन प्रस्तावका आवश्यकता तथा ढांचा**

१. शीर्षक पृष्ठ सहित अनुसन्धान प्रस्ताव १५ पृष्ठ भन्दा बढी नहुने गरी पेश गर्नुपर्नेछ ।

२. अनुसन्धान प्रस्ताव स्पष्ट र पूर्ण हुनका निमित्त उल्लेखित बुदांहरु हुनुपर्नेछ :

क. शीर्षक

ख. अनुसन्धानको पृष्ठभूमि

ग. अनुसन्धान/समस्या/कथन/प्रश्न

घ. अनुसन्धानको उद्देश्य

ङ. अनुसन्धानको तर्क

च. साहित्य समीक्षा

छ. अनुसन्धान विधि

ज. क्षेत्र र सीमितता

झ. अपेक्षित परिणामहरु र सम्भावित प्रभाव

ञ. समयरेखा

ट. रेफरेन्स